
के तपाईको घर
पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २६८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज २२ गते मंगलबार ❑ 8 Oct. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकीमा चाडपर्वमा भाडा नबढाउन यातायात व्यवसायी सहमत

**पोखरापत्र संवाददाता**
पोखरा, २१ असोज

गण्डकी प्रदेशमा चाडपर्वको समयमा नियमितभन्दा बढी भाडा नलिनेमा यातायात व्यवसायी सहमत भएका छन् ।

प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री प्रकाशबहादुर केसीको अध्यक्षतामा आइतबार बसेको सरोकारवालाबीचको बैठकमा यातायात व्यवसायीले नियमितभन्दा बढी भाडा नलिने प्रतिबद्धता जनाएका हुन् । बैठकले चाडपर्वको समयमा तोकिएकोभन्दा बढी भाडा नलिने, सिट संख्याभन्दा बढी यात्रु नराख्ने, सुरक्षित यात्रा गर्न/गराउनेसहित चाडपर्व केन्द्रित ६ वटा निर्णय गरेको मन्त्री केसीले जानकारी दिए । यातायात व्यवस्थापनलाई चुस्त बनाउन आपसी समन्वय गर्ने, लामो दुरीमा चल्ने सवारी साधनले यात्रु टिकट अनिवार्य काट्नुपर्ने, उपभोक्ताको अधिकारलाई ध्यान दिएर व्यवसायिक मूल्य-मान्यतालाई कायम गर्दै तोकिएको भाडा लिएर यात्रुलाई गन्तव्यमा पुऱ्याउने, पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा यातायात सेवालाई प्रभावकारी बनाउने, यातायात कार्यालयले आ-आफ्नो कार्यक्षेत्रमा अनुगमन गर्ने निर्णय बैठकले गरेको छ ।



विमानस्थलमा ट्याक्सीले बढी भाडा लिने गुनासोबारे ट्राफिक प्रहरी खटिएरै अनुगमन गर्ने निर्णय बैठकले गरेको मन्त्री केसीले जानकारी दिए । 'विमानस्थलमा ट्याक्सीले साह्रै धेरै भाडा लिएको गुनासो धेरै छ । त्यहाँ ट्राफिक प्रहरी खटेर त्यसको अनुगमन गर्नुहुन्छ,' मन्त्री केसीले भने, 'चाडपर्वको बहानामा दुःख दिने काम राम्रो होइन । यो समयमा यातायात सेवालाई सहज बनाउनु सरकार मात्र होइन व्यवसायीको पनि दायित्व हो ।' बाढीपहिरोले विभिन्न ठाउँमा सडक अवरुद्ध हुने समस्या रहेको र प्रदेश सरकारका संरचना आफ्नो कार्यक्षेत्रभित्र रहेर त्यसलाई समाधान गर्न चाडपर्वको अवधिमा पनि सक्रिय रहने मन्त्री केसीले बताए । बढी भाडा लिने, भनेअनुसार भाडा नदिए गन्तव्यसम्म नलैजाने गरेर दुःख दिने काम यातायात व्यवसायीबाट भएमा तत्काल ट्राफिक प्रहरीलाई खबर गर्न उनले आग्रह गरे ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकी संयोजक केदार पौडेलले राजमार्गमा खाल्डाखुल्डी धेरै रहेकाले त्यसलाई समाधान गरिदिन प्रदेश सरकारलाई आग्रह गरे । कम जनघनत्व भएका ठाउँमा गाडी चलाउँदा निकै घाटा रहेको भन्दै उनले सरकारले सहुलियतको व्यवस्था गर्नुपर्ने बताए ।

पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीका अध्यक्ष योगेन्द्र केसीले बाढीपहिरोजस्ता दुर्घटनाले पछिल्ला दिनमा बसमा यात्रुको चाप कम रहेको सुनाए । उनले चालक-सहचालकलाई प्रशिक्षण, समय-समयमा अनुगमन, सरकार र निजी क्षेत्रबीच समन्वय आवश्यक रहेको बताए । राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय गण्डकी प्रमुख एसपी जनकबहादुर शाहीले लामो दूरीमा दुई जना चालक अनिवार्य राख्नुपर्ने बताए । उनले आफूहरुले चालक राखे/नराखेको विषय कडाइका साथ अनुगमन गर्ने सुनाए । एसपी शाहीले लामो दूरीमा निस्कनुअघि आफ्ना सवारीमा अनिवार्य यान्त्रिक परीक्षण गर्न यातायात व्यवसायीलाई सुझाव दिए । उनले कुनै सवारीले बढी भाडा लिएर दुःख दिएमा १०३ वा १०० मा फोन गर्न सर्वसाधारणलाई आग्रह गरे । बैठकमा गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक (डीआइजी) दुर्गा सिंह, कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, भौतिक पूर्वाधार मन्त्रालयका सचिव ई. कमलकुमार अधिकारी, जिल्ला प्रहरी कार्यालय कास्की प्रमुख प्रहरी उपरीक्षक (एसपी) श्यामबाबु ओलिया, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय गण्डकी प्रदेश प्रमुख प्रहरी उपरीक्षक (एसपी) जनकबहादुर शाही, सशस्त्र प्रहरी बल कालिका गण कास्कीका गणपति अरुण शर्मा, गण्डकी प्रदेशभित्रका यातायात व्यवसायी, जिल्ला ट्राफिक कार्यालय कास्कीका प्रमुख शोभा पाण्डेय, नागरिक उड्यान प्राधिकरणका प्रतिनिधि योगेन्द्र कुँवर, उपभोक्ता हित संरक्षण मञ्च गण्डकीका सचिव राजुराज अधिकारी, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकी संयोजक केदार पौडेल, पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीका अध्यक्ष योगेन्द्र केसी, गण्डकी ट्याक्सी व्यवसायी प्रा.लि अध्यक्ष गान्धीराज गिरीलगायत सहभागी थिए ।

## पहिलो अन्नपूर्ण प्रथम हिमाल आरोही मौरिस हर्जोगका छोरालाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २१ असोज

पहिलोपटक आठ हजार ९१ मिटर उचाइको अन्नपूर्ण प्रथम हिमाल आरोहण गरी विश्व कीर्तिमान बनाउनुभएका फ्रान्सेली नागरिक मौरिस हर्जोगका छोरा माथिएस हर्जोगलाई सम्मान गरिएको छ ।

बडादसैं, दीपावलीलगायत चाडपर्वका अवसरमा पोखरा पर्यटन परिषद्द्वारा आज पोखरामा आयोजित शुभकामना आदानप्रदानकार्यक्रमकाअवसरमा गण्डकी प्रदेशका सामाजिक विकासमन्त्री विन्दुकुमार थापा, परिषद्का अध्यक्ष तारानाथ पहारीलगायतले हर्जोगलाई सम्मान गर्नुभएको हो । मन्त्री विन्दुकुमार थापाले पर्यटन मुलुकको प्रमुख समृद्धिको आधार भएकाले यस क्षेत्रको विकासलाई सरकारले प्राथमिकतामा राखेको बताउनुभयो ।



पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले पर्यटनसम्बद्ध सबैसँग सहकार्य गर्दै पर्यटन प्रवर्द्धन र विकासका कार्यक्रमलाई अघि बढाइने बताउनुभयो ।

पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष बच्चुराम तिवारीले पर्यटन क्षेत्र अहिले पनि समस्यामा रहेकाले राज्यले पर्यटनमैत्री नीति अङ्गिकार गरी यस क्षेत्रका समस्या समाधानमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो । कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, पोखरा पर्यटन परिषद्का महासचिव जीवनराज सापकोटा, सचिव नारायण सुवेदी, सम्मानित फ्रान्सेली नागरिक माथिएस हर्जोग, नेपाल पत्रकार महासङ्घ कास्कीका उपाध्यक्ष जमुना वर्षा शर्मालगायतले आफ्नो धारणा राख्नुभएको थियो । सन् १९५० जुन ३ मा मौरिस हर्जोगले अन्नपूर्ण प्रथमको आरोहण गरेको तीन वर्षपछि मात्रै विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण भएको थियो । अन्नपूर्ण प्रथम हिमाल आरोहण गरेको दिनलाई अन्नपूर्ण आरोहण दिवसका रूपमा मनाउने गरिएको छ ।

## व्यास नगरपालिकाद्वारा प्रधानमन्त्री राहत कोषमा पाँच लाख सहयोग

**पोखरापत्र संवाददाता**
दमौली, २१ असोज

यहाँको व्यास नगरपालिकाले प्रधानमन्त्री राहत कोषमा रु पाँच लाख सहयोग गर्ने निर्णय गरेको छ ।

देशभरका विपत्तिमा सहयोग पुऱ्याउने उद्देश्यले नगरपालिकाले उक्त कोषमा आर्थिक सहयोग गर्ने निर्णय गरेको हो ।

नगरप्रमुख बैकुण्ठ न्यौपानेको अध्यक्षतामा सोमबार बसेको कार्यपालिका बैठकले हालै आएको वर्षाबाट प्रभावित नगरपालिकाअन्तर्गत सबै वडाहरुको विवरण सङ्कलन गरी प्रभावित घर, खानेपानी र सडक संरचना पुनःस्थापना गर्ने निर्णय गरेको प्रवक्ता जीवन गुरुङले जानकारी दिनुभयो ।

बैठकले नगर क्षेत्रभित्र बढ्दो डेङ्गीको सङ्क्रमणबाट जोगिन नगरवासीलाई आग्रह गर्दै परस्पर सद्भाव र सकारात्मक सोचका साथ दसैं मनाउन आग्रह गरेको छ ।

## जिपी कोइराला राष्ट्रिय स्वासप्रस्वास केन्द्र र ट्रमा सेन्टरलाई भारतको सहयोग

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ असोज

भारत सरकारले तनहुँको शुक्लागण्डकी नगरपालिकाको बेलचौतारास्थित जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास केन्द्रलाई तीन सय शय्या र उपकरणसहित अस्पताल निर्माणमा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

भारत भ्रमणमा रहनुभएका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल र भारतीय जनता पार्टीका अध्यक्ष एवं स्वास्थ्य तथा परिवार कल्याणमन्त्री जेपी नड्डाबीच नयाँ दिल्लीस्थित निर्वाण भवनमा भएको द्विपक्षीय वार्ताका क्रममा भारतले यस्तो प्रतिबद्धता जनाएको हो । त्यस क्रममा मन्त्री पौडेलले राखेको प्रस्तावअनुसार



ट्रमा सेन्टरको स्तरोन्नति तथा डायलासिस सेवा थप्न र सर्पदंशका बिरामीको उपचार र 'डिजिटल हेल्थ' अभियान कार्यान्वयनका लागि सघाउन पनि भारतीय समकक्षी नड्डाले प्रतिबद्धता जनाउनुभएको स्वास्थ्यमन्त्री पौडेलको सचिवालयले जनाएको छ ।

आवश्यक तयारीपछि चाँडै यसबारे द्विपक्षीय समझदारी गर्ने सहमतिसमेत भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागका महानिर्देशक डा विकास देवकोटाले जानकारी दिनुभयो । मन्त्री पौडेलले नेपाल भ्रमणका लागि दिएको निम्तोसमेत भारतीय समकक्षी नड्डाले स्वीकार्नुभएको उहाँले बताउनुभयो । "नेपालको स्वास्थ्य पूर्वाधार विकासमा भारतले महत्वपूर्ण योगदान दिएको छ", भेटपछि मन्त्री पौडेलको भनाइ उद्धृत गर्नुहुँदै महानिर्देशक देवकाटाले भन्नुभयो, "भारतीय पक्षबाट प्राप्त सहयोग प्रतिबद्धताले सम्बन्ध अझ प्रगाढ बनाउन मद्दत गर्नेछ ।" विश्व स्वास्थ्य सङ्गठनको क्षेत्रीय सम्मेलनका लागि भारतमा रहनुभएका स्वास्थ्यमन्त्री पौडेलले आज साँझ कार्यक्रममा सम्बोधन गर्ने तह भएको उहाँको सचिवालयले जनाएको छ ।

## बाढीपहिरोमा परी मृत्यु हुनेको सङ्ख्या दुई सय ४६

**रासस**
काठमाडौं, २१ असोज

यही असोज १० देखि १२ गतेसम्मको भारी वर्षाका कारण आएको बाढीपहिरोमा परेर आजसम्म मृत्यु हुनेको सङ्ख्या दुई सय ४६ पुगेका छन् ।

नेपाल प्रहरीले आज सार्वजनिक गरेको विवरणअनुसार आजसम्म एक सय ७८ घाइते भएका छन् भने १८ जना बेपत्ता रहेको गृहमन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले जानकारी दिनुभयो । उहाँकाअनुसार कूल १७ हजार एक सय ७४ को उद्धार गरिएको छ । सबैभन्दा ठूलो जनधनको क्षति बागमती प्रदेशमा भएको र त्यसमा पनि काठमाडौं उपत्यकामा धेरै क्षति भएको छ । बागमतीमा मात्रै एक सय ३९ जनाको मृत्यु भएको छ । एक सय ७६ आश्रित परिवारलाई 'विपद् पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०७७' बमोजिम राहत रकम उपलब्ध गराइएको छ । प्रभावित परिवारलाई नगद सहायता तथा राहत सामग्री वितरण जारी रहेको उहाँले जानकारी दिनुभयो । मन्त्रालयअन्तर्गत केन्द्रीय विपद् गोदाममा रहेको राहत सामग्री जिल्ला विपद् व्यवस्थापन समितिको मागको आधारमा उपलब्ध गराइएको छ । आपतकालीन राहत, पुनःनिर्माण र पुनःस्थापनालाई प्रभावकारी बनाउने उद्देश्यले गृहमन्त्रीसहितको टोलीले विभिन्न क्षेत्रको स्थलगत अनुगमन गरी राहत र पुनःनिर्माणलाई गति दिन निर्देशन दिनुभएको प्रवक्ता तिवारीले बताउनुभयो । विभिन्न राजमार्गका अवरोध हटाइ वा वैकल्पिक व्यवस्था गरी सञ्चालन गर्ने प्रयास भइरहेको मन्त्रालयले जनाएको छ । लाभग्राहीको विवरण प्राप्त हुनासाथ प्रभावितलाई खाद्यान्नलगायत तत्काल गुजारा गर्न नगद र अस्थायी आवास निर्माणका लागि पहिलो किस्तावापत् रकम जिल्ला विपद् व्यवस्थापन कोषबाट स्थानीय तहमार्फत उपलब्ध गराइने मन्त्रालयले जनाएको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# खाजामा कास्की जिल्ला प्रशासन आफैँ ठगिएपछि...

**कृष्ण दवाडी**
पोखरा, २१ असोज /रासस

जिल्ला प्रशासन कार्यालयहरूलाई बजार अनुगमन गर्ने र गैरकानुनी कार्य गर्नेलाई सजाय तथा जरिवाना गर्ने सक्ने अधिकार छ । उपभोक्ता ठगिन नदिनका लागि बेलाबेलामा प्रशासनले बजार अनुगमन गर्दै आएको छ।

उपभोक्ताको अधिकार संरक्षणका लागि कार्य गर्ने नियामक निकाय कास्की प्रशासन आइतबार आफैँ ठगिन पुगेको छ । प्रशासनले शिक्षा विकास तथा समन्वय एकाइमा लागुऔषधसम्बन्धी अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको थियो । सो कार्यक्रममा विभिन्न विद्यालयका प्रधानाध्यापक, कर्मचारीलगायत ४० जनाको सहभागिता थियो। सहभागीलाई खाजाका लागि पोखराको चिप्लेढुङ्गामा रहेको मारवाडी भोजनालयमा माग गरिएको थियो । तर माग गरिएको भन्दा निकै कम परिमाण र खाद्य पदार्थ आपूर्ति गरेर ठगी गरेपछि प्रशासनले सो सेवा भोजनालयलाई रु दुई लाख जरिवाना गरेको छ।

भोजनालयले मागबमोजिम वस्तु उपलब्ध नगरी उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३८ खण्ड (ङ) बमोजिम कसुर गरेको पाइएकाले कारबाही गरिएको सहायक प्रमुख जिल्ला अधिकारी गङ्गाबहादुर क्षेत्रीले बताउनुभयो।

सो दफामा वस्तु तथा सेवाको वास्तविक गुणस्तर, परिणाम, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी लुकाइछिपाइ वा भुक्याइ त्यस्तो वस्तु वा सेवा बिक्री वा प्रदान गर्ने, कुनै वस्तुको कृत्रिम अभाव सृजना गर्नेलगायत कार्य गरेकामा रु दुई लाखदेखि रु तीन लाखसम्म जरिवाना लाग्ने उल्लेख छ । "तोकिएको परिमाणभन्दा कम परिमाणमा खाजा ल्यानुभयो । तोकिएका परिकारभन्दा निकै कम परिकार थिए, मूल्य तोकिएकै थियो । त्यसैले तत्कालै कारबाही गरेका हौँ", सहायक प्रजिअ क्षेत्रीले भन्नुभयो। प्रशासनका अनुसार सो भोजनालयका सम्बन्धमा यसअघि समेत उपभोक्ताबाट गुनासो आउने गरेका थिए।

# भाउ सस्तिएपछि च्याङ्ग्राको व्यापार बढ्यो

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ असोज



बागलुङमा यस वर्ष ढिलोगरी मुस्ताङी च्याङ्ग्रा भित्रिएको छ। आइतबार ११ दिनको यात्रापछि मुस्ताङका च्याङ्ग्रा किसान छ्याक्तो गुरुङ र छेक्तेन गुरुङले बागलुङमा १०४ वटा च्याङ्ग्रा ल्याउनुभयो।

तीन दिनअघि बागलुङका च्याङ्ग्रा व्यापारी महेन्द्र केसीले ७४ च्याङ्ग्रा भित्र्याउनुभएको थियो । मुस्ताङी च्याङ्ग्राको मूल्यमा गिरावट आएपछि माग बढेको हो । एक सय चार वटा च्याङ्ग्रामध्ये ५० च्याङ्ग्रा बागलुङ आइपुग्दै बिक्री भइसकेको छ्याङ्तो गुरुङले बताउनुभयो । मुस्ताङको लोमान्थाङ गाउँपालिका-१ छोसेरबाट ११ दिन लगाएर बागलुङमा च्याङ्ग्रा ल्याएको गुरुङको भनाइ छ। गत वर्ष रोज्जा च्याङ्ग्रालाई रु ५५ हजारमा बिक्री गरेको बताउँदै यो वर्ष रु ४५ हजारमा बिक्री गरिरहेको बताउनुभयो। "छोसेरबाट हिँडेर ११ दिनमा बागलुङ आइयो, बाटोमै ५० च्याङ्गा बिक्री भइसके, अझै ५४ च्याङ्ग्रा रहेका छन्, अहिले च्याङ्ग्राको भाउ सस्तिएका कारण व्यापार फष्टाएको छ", गुरुङले भन्नुभयो, "परम्परागतरूपमा पाल्दै आएको च्याङ्ग्रा बिक्रीका लागि आफैँ बिक्री गर्दै आएको छु, आफैँ च्याङ्ग्रा उत्पादन र आफैँ बिक्री गर्दा नाफा धेरै हुन्छ।"

कोसेलीका लागि र दसैँमा च्याङ्ग्राको मासु खाने चलनका कारण मुस्ताङको च्याङ्ग्रा बिक्रीका लागि म्याग्दी, बागलुङ, पर्वत हुँदै पोखरासम्म पुग्ने गरेको छ । च्याङ्ग्राको मूल्यमा १० देखि १५ हजारसम्म घटेकाका कारण चाँडो व्यापार भएको च्याङ्ग्रा व्यापारी छेक्तेन गुरुङले जानकारी दिनुभयो।

बागलुङमा महेन्द्र केसीले भित्र्याउनुभएको ७४ च्याङ्ग्रामा १६ वटा बिक्री भइसकेको बताउनुभयो । गत वर्ष च्याङ्ग्राको व्यापार घट्दा यस वर्ष बागलुङका थोरै च्याङ्ग्रा व्यापारी बागलुङबाट मुस्ताङ पुगेर च्याङ्ग्रा खरिद गरेको केसीले जानकारी दिनुभयो।

च्याङ्ग्राको माग उच्च भएको र आयात थोरै हुँदा भाउ महङ्गो भएपछि यस वर्ष केही सस्तो भएको हो। हिमाली क्षेत्रको जडीबुटी खाएकाले स्वादिलोसँगै स्वास्थ्यका लागि फाइदा हुने भन्दै प्रायः उपभोक्ताले दसैँमा भेडाच्याङ्ग्रा खोज्ने केसीले जनाए।

# दसैँ सुरु भएसँगै मानुङकोटमा पर्यटकको चहलपहल

**पोखरापत्र संवाददाता**
गोरखा, २१ असोज

दसैँ सुरु भएसँगै तनहुँको पर्यटकीयस्थल मानुङ्कोटमा आन्तरिक पर्यटकको चहलपहल बढेको छ । व्यास नगरपालिका-५ स्थित मानुङ्कोटबाट दृश्यावलोकनका लागि यतिबेला दैनिकजसो आन्तरिक पर्यटक यहाँ पुग्ने गरेका छन्।

राति बास बसेर बिहानै सूर्योदय र कुहिरो हेर्न आन्तरिक पर्यटक आउने गरेका होटल व्यवसायी चुडामणि दाहालले बताउनुभयो । अन्य दिनको तुलनामा शुक्रबार र शनिबार यहाँ पर्यटकको बढी घुइँचो हुने गरेको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "दसैँ लागेपछि यहाँ पर्यटक आउने क्रम बढेको छ । दसैँका बेला विद्यालय तथा कार्यालयहरू बिदा हुने भएकाले आन्तरिक पर्यटक बढ्न थालेका हुन् । दुर्गापक्षअन्तर्गत सप्तमीदेखि पर्यटकको आगमन अझै बढ्ने अनुमान गरेका छौँ ।" स्थानीय अनिल अधिकारीले बिहानै यहाँबाट देखिने सूर्योदय र कुहिरोले पर्यटक लोभिने गरेका बताउनुभयो। उहाँले भन्नुभयो, "दमौली बजारलाई ढपक्क कुहिरोले ढाकिएको सुन्दर दृश्य हेर्न एकपटक आएकाहरू पुनः आउने गरेका छन् ।" मानुङकोट घुम्न पुग्नुभएका व्यास-४ का मनोज राउतले यहाँबाट देखिने कुहिरो, सूर्योदय र हिमशृङ्खलाको दृश्यले मोहित बनाएको बताउनुभयो । उहाँले भन्नुभयो, "यो ठाउँ कोरोनाको समयदेखि चर्चामा आएको हो। यहाँको पर्यटन प्रवर्द्धन गरी स्थानीयको आयआर्जनसँग जोड्दै धेरै पर्यटक भित्र्याउन जरुरी छ।" मानुङ्कोटमा पर्यटक उक्लिने क्रम बढेपछि यहाँ नयाँ र आधुनिक होटल सञ्चालन हुन थालेका छन् । विगतमा एउटा पनि नरहेको यस ठाउँमा अहिले एक दर्जन बढी होटल सञ्चालित छन्। दृश्यावलोकनका लागि व्यास नगरपालिकाले दृश्यावलोकन स्तम्भ निर्माण गरेको छभने सुरक्षाका लागि डाँडाको छेउमा रेलिङ निर्माण गरी व्यवस्थित गरिएको छ। रेलिङसँगैको भागमा हालै पैदलमार्ग निर्माण गरिएको छ। मानुङ्कोटबाट धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु, लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिन्छ । यहाँ आउने आन्तरिक पर्यटक बढेपछि गाउँ छाडेर सहर झरेका पनि पुनः फर्किएर व्यवसाय गर्न थालेका छन् । यसअघि खानेपानीको अभावमा यहाँका स्थानीयवासीले गाउँ छाडेका थिए । बजारको प्रशोधित जार र ट्याङ्करको पानीले मानुङ्कोटमा अहिले पानीको विकल्प दिइरहेको छ । मानुङ्कोट जाने सडक कालोपत्र भइसकेको छ । सहरी विकास मन्त्रालयको आर्थिक लगानीमा मानुङ्कोटसम्म पुग्ने सडक कालोपत्र गरिएको हो । अर्लैचेबाट मानुङ्कोटसम्मको चार हजार ३०० मिटर सडक कालोपत्र भएको होटल व्यवसायी दाहालले बताउनुभयो । उहाँका अनुसार कालोपत्र गर्न अप्ठ्यारो रहेको ठाउँमा १८० मिटर आरसिसी ढलान गरिएको छ।

# क्षेत्री समाजले कलश यात्रा र महाआरती गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २१ असोज




क्षेत्री समाज नेपाल पोखरा १६ ले नवदुर्गाको सप्तमीका दिन कलश यात्रा सहित विधि पुर्वक महाआरती गर्ने भएको छ।

ऐतिहासिक स्थल बाटुलेचौरमा रहेका चण्डिका, कालिका र अम्बिका मन्दिरमा असोज २४ गते फुलपातीका दिनदेखि विहान कलश यात्रा सहित शुभकामना आदानप्रदान र चियापान गरिने र साँझ महाआरती गर्ने गरी तयारी तीव्र पारिएको सोमवार पोखरामा पत्रकार सम्मेलन गरी जानकारी दिईएको छ।

विभिन्न जातजाति र समुदायको समवन्यमा हुने कलश यात्रा चण्डिका मन्दिरबाट सुरु भई, गणेश मन्दिर, अम्बिका मन्दिर,राजपँधेरा हुदै कालिका मन्दिरमा पुगेर शुभकामना आदानप्रदान तथा चियापान समारोहमा परिणत हुने समाजका निवर्तमान अध्यक्ष सन्दिप थापाले जानकारी दिनुभयो। उहाँका अनुसार कलश यात्रामा तमु,मगर, तामाङ, गन्धर्व, विश्वकर्मा सहित विभिन्न आठ वटा जातिय समुदाय आ-आफ्नो भेषभुषा सहित सहभागि हुने र यात्रामा नौमती बाजा र भजन चुड्का प्रस्तुत गरिने बताइएको छ । सप्तमीका दिन चण्डिका मन्दिर महाआरती हुने, अष्टमीका दिन कालिका मन्दिरमा गरिने सो अवसरमा विभिन्न समुदाय, आमा समुह, तथा टोल विकास सस्थाले सहयोग गर्ने सचिव गोविन्द बहादुर थापा राजेन्द्रले बताउनुभयो । पत्रकार सम्मेलनमा बोल्दै क्षेत्री समाजका सल्लाहकार वेनी बहादुर बस्नेतले पोखरा १६लाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्न यस कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । उहाँले यस्ता कार्यक्रमले जातिय एकता र धार्मिक सद्भाव बढाउने हुदाँ यो कुनै जाति विशेषको नभएको स्पष्ट पार्नुभयो।

सम्मेलनमा सल्लाहकार दुर्गा केसी थापा, समाजका सदस्य दिलबहादुर थापा, क्षेत्री महिला समाजकी उपाध्यक्ष मनु वस्नेत लगायतले यस क्षेत्रलाई त्रीदेवी तिर्थस्थलको रूपमा विकास गर्नुपर्नेमा जोड दिए । यसअघि हिमालय क्लवले घटस्थापनादेखि कालिका मन्दिरमा दुर्गा पूजा तथा सन्ध्याकालीन आरती गरिरहेको छ । समाजका सचिब थापाले संचालन गर्नुभएको कार्यक्रम कार्यवाहक अध्यक्ष रामशरण बानियाँको अध्यक्षतामा भएको थियो।

# ट्याक्टरको ठक्करबाट बालकको मृत्यु

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ असोज

व्यास नगरपालिका-१ गल्बुबेसीमा सोमबार ट्र्याक्टरले ठक्कर दिदाँ आठ वर्षीय बालकको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार मृत्यु हुनेमा सविन कुमाल रहेका छन्।

ग १ त ७०३१ नम्बरको ट्र्याक्टरले ठक्कर दिँदा बालकको उचारका क्रममा मृत्यु भएको प्रहरी नायव उपरीक्षक अशोक थापाले जानकारी दिनुभयो । सोही वडास्थित ज्ञानगङ्गा बोडिङ स्कुलमा कक्षा २ मा अध्यनरत रहेका कुमालको टयाक्टरको ठक्करबाट सख्त घाइते भई उपचारका क्रममा दमौली अस्पतालमा मृत्यु भएको हो । ट्र्याक्टर चालक प्रदीप विकलाई प्रहरीले नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक थापाले बताउनुभयो।

# तीन साहित्यिक पुरस्कार घोषणा

**पोखरापत्र संवाददाता**
गण्डकी, २१ असोज

धवलागिरि साहित्य प्रतिष्ठान, बागलुङले यसवर्ष प्रदान गरिने तीन पुरस्कार घोषणा गरेको छ।

प्रतिष्ठानको प्रबन्ध समिति बैठकले 'काजी रोशन साहित्य पुरस्कार' दाङ, घोराहीका लेखक सन्तोष श्रेष्ठको उपन्यास 'फरैना' लाई प्रदान गर्ने निर्णय गरेको छ । उक्त पुरस्कारको राशि रु २५ हजार रहेको छ । प्रतिष्ठानले विसं २०४१ देखि हरेक दुई वर्षमा उक्त पुरस्कार प्रदान गर्दै आएको छ।

प्रतिष्ठानमा स्थापित रु १५ हजार राशिको 'हिमलाल-मन्धरा स्मृति पुरस्कार' कपिलवस्तुका साहित्यकार हरिराज शर्मा 'हरिश' लाई प्रदान गर्ने निर्णय भएको प्रतिष्ठानका अध्यक्ष काजी रोशनले जानकारी दिनुभयो । यस्तै 'बम-सरस्वती स्मृति पुरस्कार' विभिन्न कृतिका लेखक एवं अभिनव साहित्य समाज काठमाडौँका अध्यक्ष गोविन्दप्रसाद घिमिरे 'बेदमणि' लाई प्रदान गरिने भएको छ। उक्त पुरस्कारको राशि रु १५ हजार रहेको छ।

प्रतिष्ठानले विराटनगर निवासी कथाकार एवं चित्रकार गङ्गा सुवेदीलाई अभिनन्दन गर्ने निर्णय गरेको अध्यक्ष रोशनले बताउनुभयो।

आगामी कात्तिक पहिलो साता बागलुङमा आयोजना गरिने समारोहमा तीनै जना साहित्यिक व्यक्तित्वलाई पुरस्कार समर्पण गरिने प्रतिष्ठानले जनाएको छ । विसं २०४१ मा स्थापित प्रतिष्ठान पुरस्कार स्थापनादेखि अन्य साहित्यिक क्रियाकलापमा सक्रिय छ।

## बैदेशिक रोजगारमा जाँदा ध्यान दिनुपर्ने कुराहरु

◆जान चाहेको देशको भाषा, कानून र त्यहाँको संस्कृतिको आधारभूत जानकारी राखौं।
◆बैदेशिक रोजगारमा जाँदा प्रचलित कानूनबमोजिम श्रम स्वीकृति लिएर मात्र जाऔं।
◆नेपालको वैदेशिक रोजगारसम्बन्धी कानूनहरूको आधारभूत जानकारी राखौं।
◆सीप सिकेर मात्रै वैदेशिक रोजगारीमा जाऔं।
◆वैदेशिक रोजगारमा जानुअघि रोजगारदाता कम्पनिले दिने सेवा, सुविधा र लाग्ने खर्च यकिन गरेर मात्रै जाऔं।
◆वैदेशिक रोजगारमा जाँदा भिजिट भिषामा नभई रोजगार भिषामा जाऔं।
वैदेशिक रोजगारमा हुने ठगीबाट वच्न विचौलियाबाट सजग रहौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# बजार अराजकता

चाडपर्व नजिकिएसँगै देशभरि दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि चर्को रूपमा हुन थालेको छ। दसैं तिहार नजिकिँदै गर्दा बजारमा दाल, चामल, तरकारी, तेल, चिनीलगायतका दैनिक उपभोग्य र खाद्यान्न तथा लुगाकपडाको मूल्य निरन्तर अकासिएको छ। कतिपय व्यापारिक बिचौलियाले दसैं तिहारको मौका छोपी आमउपभोग्य वस्तुको कृत्रिम अभाव सिर्जना गर्दै अनावश्यक मूल्यवृद्धि गरेको पाइन्छ। यसको नियन्त्रणमा सरकारी संयन्त्रको प्रयास प्रभावहीन बनिरहेको छ। न त महँगी नियन्त्रण गर्न कुनै ठोस प्रयास भएको देखिन्छ न त बजारमा खाद्य स्वच्छता कायम गर्न उपयुक्त नियमन नै।

खुद्रा व्यापार सङ्घको तथ्याङ्कमा यतिखेर खाद्यान्न, तरकारी, लत्ताकपडालगायतका उपभोग्य वस्तुमा शतप्रतिशतदेखि करिब तीन सय प्रतिशतसम्म महँगी बढेको उल्लेख छ। विगतदेखि नै बिचौलियाले मुलुकको सम्पूर्ण बजार र अर्थतन्त्रलाई कब्जा गरी माफियातन्त्रको राज गर्दै छन् भन्ने गुनासो आइरहेको हो। बजारका कमिसनखोर र बिचौलियाले प्रशस्त फाइदा लिइरहेको र सर्वसाधारणले उपभोग्य वस्तुमा चर्को मूल्य तिर्नु परिरहेको यो चिन्ताजनक अवस्थाप्रति सरकार क्रियाशील बन्नु पर्छ। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी बजार अनुगमनमा जाँदा व्यापारी भाग्नु र कास्की जिल्ला प्रशासन कार्यालयमा चिप्लेढुङ्गा स्थित मारवाडी भोजनालयले गुणस्तर कायम नगरेको मुल्य बढी लिएको भन्दै दुई लाख जरिवाना गरिएको समाचारले बजारको अराजकता देखाउँछ।

विगतमा पनि मौका छोपेर कतिपय व्यापारिक बिचौलियाले उपभोग्य सामानको कार्टेलिङ, सिन्डिकेट र कालोबजारी गर्दै मूल्यमा चर्को वृद्धि गर्ने गरेका तमाम प्रमाण छन्। सरकार अस्थिर भएकै कारण ती तमाम प्रमाणप्रति सरकारी सरोकारवाला निकायको ध्यान जान सकेको देखिँदैन। बजारमा दैनिक उपभोग्य वस्तुको भाउ तीव्र रूपमा बढ्दै गएपछि आमनेपाली जनता ठुलो संकटमा परेका छन्। सहर बजारमा मजदुरी गरेर बस्ने मानिस खाद्यान्न, तरकारी र फलफूल तथा माछा मासु किनेर खान नसक्ने अवस्थामा पुगिसकेका छन्। गरिब, किसान र मजदुरी गरी जीवन निर्वाह गर्ने वर्गका मानिसको आवाज कहीँ कतैबाट मुखरित हुन सकेको छैन। जनताको अभिभावक मानिएको सरकारको यसबारेमा ध्यानाकर्षण हुनु जरुरी छ।

किसानले रातदिन मेहनत गरेर उत्पादन गरेको तरकारी, फलफूल, खाद्यान्नमा आफूले लगानी गरे अनुसारको बजार भाउ पाउन नसकेको गुनासो गरिरहेका छन्। यता किसान र उपभोक्ताको बिचमा रहेका बिचौलियाले भने उत्पादित वस्तु सस्तोमा खरिद गरेर चर्को मूल्यमा बिक्री गरिरहेको अवस्था छ। यो अन्तरविरोधको समस्याको समाधान नहुँदा आमउपभोक्ता चर्को मूल्यवृद्धिको चपेटामा परेका छन्। सर्वसाधारण नागरिकको भान्सादेखि उपभोग्य वस्तुमा दिन दुगुना र रात चौगुनाको दरले महँगी बढ्न थालेपछि जीवनयापन अत्यन्त कष्टकर बनिरहेको छ। दुई प्रमुख दलको बलियो सरकार भएको अवस्थामा यसबारेमा सरकार अत्यन्तै चनाखो हुनुपर्ने आवश्यकता देखिन्छ। जनताको ढाड सेक्ने गरि भएको मूल्य वृद्धि रोक्न र गुणस्तरीय वस्तु तथा सेवा पाउने उपभोक्ताको अधिकारका लागि सरकारको सक्रियता अपेक्षित छ।

# पूर्व कर्मचारी सेवा परिषद्को शुभकामना आदानप्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, २१ असोज

पूर्व कर्मचारी सेवा परिषद् नेपाल गण्डकी प्रदेश शाखाको आयोजनामा परिषद्को सभाहलमा वडादशै २०८१ को शुभअवसरमा विजय दशमी, दीपावली, छठ, नेपाल सम्वत् लगायतको चाडहरुको शुभकामना आदानप्रदान कार्यक्रम सोमबार सम्पन्न भयो।

कार्यक्रमको सभापतित्व संस्थाका अध्यक्ष गिरधारी सुवेदीले गर्नु भएको थियो। शुभकामना मन्तव्य पूर्व अध्यक्ष कृष्ण प्रसाद बराल, कृष्णकान्त सिग्देल, प्रमुख सल्लाहकार कृष्ण प्रसाद भण्डारी, उपाध्यक्ष सूर्य प्रसाद बराल, सचिव राजुराज अधिकारी, कोषाध्यक्ष प्रभामिलन तिमिल्सेना, संयोजकहरु डा.कालु शर्मा, वेद प्रकाश पौडेल, प्रेमराज गिरी, खगेन्द्र धिमिरे, नरेन्द्रराज बराल, पूर्ण कुमारी श्रेष्ठ, रामजी प्रसाद कोइराला, दामोदर सिग्देल, पोत प्रसाद अर्याल र डा. विष्णुहरि तिमिल्सेना, सहकारी सचिव शेखरमणि लामिछाने, पूर्वउपाध्यक्ष अनन्तराज लम्साल र प्रेमराज अधिकारी, पूर्व सल्लाहार, पूर्व संयोजकहरु, यशस्कार र आजिवन सदस्यहरु कार्यसमितिका सदस्यहरु लगायत उपस्थिति रहेको थियो।

शुभकामना शुरु गर्नु अघि डा. कालु शर्माले सेवानिवृत्त जिवन कसरी सुशी र खुसी राख्ने खानपान के कसरी गर्ने, दैनिक योग, ध्यान र व्यायामले पार्ने प्रभाव तथा लेख, रचना कविता कथा आदि लेख्ने अभ्यासको लागि पनि प्रेरणादायक प्रस्तुतिहरु प्रस्तुत गर्नु भएको थियो।

# म्याग्दीमा हुलाक कार्यालयको पुन:संरचना

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ असोज

यहाँस्थित हुलाक कार्यालयको पुनःसंरचना गरिएको छ।

हुलाक कार्यालयको पुनःसंरचना गर्ने सरकारी नीति कार्यान्वयन गरिएको जिल्ला हुलाक अधिकृत रमेश अधिकारीले बताउनुभयो।

म्याग्दीमा यसअघि एक जिल्ला, १० इलाका र २९ अतिरिक्त हुलाक कार्यालय थिए। जिल्ला हुलाक कार्यालयलाई कायमै राखेर १० वटा इलाकामध्ये सदरमुकाम बेनीबाहेकका पाँच स्थानीय तहमा एक/एक हुलाक कार्यालय कायम गरिएको छ। "एक स्थानीय तहमा एक मात्र हुलाक रहने सरकारको नीति अनुसार २९ वटा अतिरिक्त हुलाक कार्यालय त्यहाँ कार्यरत स्थायी कर्मचारीको सेवा अवधिसँगै रहने छैनन्", हुलाक अधिकृत अधिकारीले भन्नुभयो, "इलाका हुलाक कार्यालय खारेज भएपछि त्यहाँका स्थायी कर्मचारीलाई अन्यत्र व्यवस्थापन र अस्थायी करारका छ जनालाई बिदाई गरिएको छ।" देशका धेरै जिल्लामा हुलाक कार्यालय समायोजनको विषय जटिल भएको अवस्थामा म्याग्दीमा जनप्रतिनिधि, सरोकारवालाको सहयोग र समन्वयले समायोजन सफल भएको हुलाक अधिकृत अधिकारीको भनाइ छ।

हुलाक कार्यालयले चिठीपत्रको साथै कानुनले प्रतिबन्ध नलगाएका वस्तुहरुको ओसारपसारसम्बन्धी सेवा विस्तार गरेको छ। पसलबाट महँगो मूल्यमा टिकट बिक्री गरेको पाइएपछि कार्यालय समयबाहेक हुलाक कार्यालयबाटै टिकट बिक्रीको व्यवस्था मिलाएको कार्यालयका खरिदार मिन बरुवालले बताउनुभयो।

जिल्ला र इलाका हुलाक कार्यालयमा इन्टरनेट जडान गरिएको र सेवाग्राहीले आफूले पठाएको चिठी तथा सामान कहाँ पुग्यो भनेर 'जिपिएस ट्र्याकिङ' गरेर हेर्न मिल्ने व्यवस्था मिलाएको उहाँले बताउनुभयो।

# म्याग्दीमा अकबरे खुर्सानीको व्यावसायिकखेती

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ असोज



म्याग्दीको बेनी नगरपालिका-३ भकिम्लीका किसानले जिल्लामै पहिलोपटक अकबरे (डल्ले) जातको खुर्सानीको व्यावसायिकखेती थालेका छन्।

कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख सञ्जीव बास्तोलाले भकिम्लीका किसानले व्यक्तिगत र सामूहिक रूपमा व्यावसायिक अकबरेखेती गर्न थालेका जानकारी दिनुभयो। "भूगोल र हावापानी अनुकूल भएकाले भकिम्लीको व्यावसायिक अकबरे खुर्सानीखेती सफल देखिएको छ", उहाँले भन्नुभयो, "बेनी, दरवाङ, तातोपानी, गलेश्वरलगायत बजार क्षेत्रमा आवश्यक पर्ने अकबरे खुर्सानी तराई र पूर्वी पहाडी जिल्लाबाट ल्याउने क्रम घटेको छ।" भकिम्लीको गङ्गा पशुपक्षी तथा फलफूल कृषि फार्मका सञ्चालक खिमबहादुर आले मगरले कोदो, मकैलगायत परम्परागत खाद्यबालीको विकल्पमा सात रोपनी जमिनमा हालसम्म उत्पादन भएको सात सय किलोग्राम अकबरे खुर्सानी बेचेर रु एक लाख ७५ हजार आम्दानी गरेको बताउनुभयो।

"बेनीका तरकारी पसलमा होलसेलमा प्रतिकिलो रु २५० का दरले अकबरे खुर्सानी बिक्री भएको छ", उहाँले भन्नुभयो, "परम्परागत अन्नबालीको तुलनामा खुर्सानीखेतीबाट धेरै गुणा बढी आम्दानी गर्न सकिन्छ।" आलेका साथै बेलढुङ्गा कृषक समूहले सात रोपनी, चिनाखेतका दीपक पुन, दिवस घर्तीलगायतका किसानले व्यावसायिक अकबरे खुर्सानीखेती गर्नुभएको छ। बेलढुङ्गा कृषक समूहका सचिव भीमबहादुर रोकाले ताप्लेजुङबाट बीउ ल्याएर परीक्षणका लागि गरेको अकबरे खुर्सानीखेती सफल भएपछि व्यावसायिकखेती थालेको बताउनुभयो। १९ जना किसानले रु पाँच/पाँच लाखका दरले लगानी गरेर ३५ रोपनी जग्गा भाडामा लिएर बसाइँसराइसँगै बाँझिएको खेतबारीमा खनजोत गरी खुर्सानी, किवी, सुन्तला, आलुखेती र नर्सरी सञ्चालन गरेका छन्। दिउँसो २२ देखि २५ डिग्री सेल्सियस र राति १५ देखि २० डिग्री सेल्सियस तापक्रम हुने उच्च पहाड र तराईको भूगोलमा अकबरे खुर्सानीखेती गर्न सकिन्छ। खुर्सानीखेती भकिम्लीका किसानलाई तरकारीखेती प्रवर्द्धन कार्यक्रममार्फत अनुदान उपलब्ध गराएको कृषि ज्ञान केन्द्रका प्रमुख बास्तोलाले बताउनुभयो।


# श्री सैनिक अस्पताल
## पोखरा, कास्की

**विद्युतीय सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**सूचना नं.** NAWF/MH/GOODS/PKR/2081/82/15

**(प्रथम पटक प्रकाशित मिति २०८१/०६/२२ गते)**

१. श्री सैनिक अस्पताल पोखराको लागि आवश्यक सरसफाई सामाग्रीहरु खरिद गर्नको लागि विद्युतीय (e–Gp System) सिलबन्दी दरभाउपत्र आव्हान गरिएको हुंदा नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक फर्म/कम्पनीहरुले विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट https://www.bolpatra.gov.np/egp हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | विवरण | लागत अनुमान (मु.अ.कर सहित) | जमानत रकम रु. | सिलबन्दी दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | सरसफाई सामाग्री आपुर्ति | १३,७५,४५८।- | ३०,०००।- | १,०००।- | २०८१।०७।०७ गतेको १२०० बजे | २०८१।०७।०७ गतेको १३०० बजे |

२. साथै, थप जानकारीको लागि यस अस्पतालको फोन नं.९८५६०८३८२८ र ईमेल mh.pokhara@nepalarmy.mil.np मा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बड्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शारीरिक झमेला | धनु | : शुभ यात्रा |
| कर्कट | : मानसिक तनाब | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



**Putalibazar Municipality**
**Office of the Municipal Executive**
**Pragati Nagar, Syangja**
**Gandaki Province, Nepal**

## Invitation for Bids

First Date of Publication: 2081/06/22

1. The Office of the Municipal Executive, Putalibazar Municipality, Pragati Nagar, Syangja invites electronic bids from eligible bidders for the Procurement of following Goods.
2. Eligible Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp . For Purchasing of Bidding document bidders have to deposit the amount as mentioned at Revenue account No: 07203000001001000001 of Nepal Bank Ltd. And if Bidders wish to submit cash security, the cash should be deposited at Deposit Account No: Ga -3 -0 07203000003000000001 of Nepal Bank Ltd.
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before the time as mentioned. Bids received after this deadline will be rejected.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. All others terms and conditions will be as per Nepal Government's prevailing procurement Acts and Regulations.

| S.N | Contract No. and Title. | Brief Description of Goods | Procurement Method | Estimated amount (Including all Taxes) | Bid Security Amount in NRs | Bid Submission Date | Bid Document fee (NRs) | Bid validity period |
|---|---|---|---|---|---|---|---|---|
| 1. | 04/PM/NCB/ GOODS /081/82 | Procurement of Medicines and Medical Accessories for Putalibazar Municipality | NCB | 2920386.38 | 75000.00 | 2081/07/23 12:00 | 3000 | As Per Public procurement Acts and Regulations. |

**Chief Administrative Officer**

# पञ्चासे पद यात्रा एक, स्मरण अनेक

कृष्ण कुमार लामिछाने

बिश्व शिक्षक दिवशका अवसरमा मिति २०८१ आश्विन १९ गते देखि २० गते सम्म गण्डकी प्रदेशको कास्की, स्याङ्जा र पर्वतको संगम लेक, पवित्र तिर्थ थाम, धार्मिक, सास्कृति, प्रकृतिक, जैबिक, बिभिन्न पर्यटकीय स्थलहरुले भरिएको ठाउँहरु मध्य पञ्चासे लेक पनि एक गन्तब्य स्थल बनेको हो । यस ठाउँमा महाशिवरात्री र वाला चतुर्दशीमा पुजा आजा तथा ठूलो मेला लाग्ने गर्दछ । यसै सन्दर्भमा ग्लोबल कलेजियट स्कुल रानीपौवाको ब्यबस्थापन सङ्कायका शिक्षकहरु र बिद्यालय ब्यबस्थापनका सदस्य सहित हामी १३ जना टिचिङ फेकेल्टी मेम्बर्सहरु मिलेर कास्की, स्याङ्जा र पर्वत जिल्लाहरुको सङ्गम स्थल पञ्चासेको अध्ययन भ्रमण तिर लाग्यौं । सुरुमा हामी पोखराबाट, पामेको घाटी छिना सम्म बिद्यालयको बसमा गयौ, त्यस पछि हाम्रो रमणीय र स्मरणीय पैदल यात्रा शुरु भयो । करीव १ घण्टाको उकालै उकालोको पैदल यात्रा, बाटोको ठाउँ ठाउँमा अम्वा र कटुस खादै, लटरम्म झ्याङ्गिएको कोदो र भटमास अनि पहेंलै पाक्न लागेको धान खेतको अवलोकन गदै, दमदमे, कोपिनडाडा हुदै सिधाने भन्ने गाउँमा पुगेर त्यहाँको एक होमस्टेमा अति सत्कार र सम्मानका साथ मीठो अनि चीसो मोही पिएर खाजा नास्ता गर्‍यौं, त्यस पश्चात पुनः करिव २ घण्टाको पैदल यात्रा पानीको दर्कन,जुकाको स्याउ स्याउ र टोकाई पछि हामीहरु भञ्ज्याङ भन्ने ठाउँमा पुग्यैं । त्यो



वेला सम्ममा बेलुकाको करिव ६:३० बजिसकेको थियो । एउटा कुनै होम स्टेमा हामीले खाना र आवास बुक गरेका थियौं तर हामीहरु अलिकती ढीलो पुगेको हुनाले उक्त होम स्टेको दिदीले हामीलाई खाना नखुवाउने र आवास पनि नदिने भन्नु भयो । उक्त धोका पछि, निरास मनका साथ एकै छिनमा हामीले अर्को कुनै होमस्टे खोजेर बस्न बाध्य भयौं । तत्काल खोजिएको होम स्टेका सञ्चालक स्याङजा जिल्ला आधिखोला गाउपालिका बाङ्सिङ्का बद्री पौडेलको पञ्चासे होम स्टेको सत्कारपूर्ण खाना, केही छिनको नाचगान र रमाईलो पछि हामी आ आफ्नो कोठामा गएर आराम गर्‍यौं । भोलिपल्ट बिहान पौडेलजीले तयार पारेको मीठो तरकारी र कोदोको रोटी खाएर बिहानको करिव ७ बजेतिर हामी सबैको गन्तब्य स्थल पञ्चासे तिर उकालो लाग्यौं । नेपालमा यस पञ्चासे धामको छुट्टै महत्व रहेको पाईन्छ। पञ्चासको उचाई, समुन्द्र सतहदेखि २,५१७ मिटर रहेको छ। यहाँ उच्च पहाडी इलाकामा पाईने बिभिन्न खालका जडिबुटीहरु जस्तैः घोड्टाप्रे, लेकतितो, चिराईतो, सतुवा, पाचऔंले आदी प्रशस्त मात्रामा पाईन्छन भने यहाँ बिभिन्न खालका रुख बिरुवाहरु तथा बनस्पतिहरु जस्तै लालिगुरास, मुसुरे कटुस, काडे कटुस, लेक चन्दन(अगेरी), पलास, निउरो, मछ्याईनो, भलाह, मलाह, भक्किम्लो, गुएली, चुत्रो, भुत्रो, निगाला, फूलहरुमा सुनाखरी,बुकी, बुके,तिहारे,जाईजुई फूल र अन्य बिभिन्न प्रकारका फुलहरु प्रसस्त पाईन्छन् । यस क्षेत्रलाई सुनाखरीको फुलको राजधानी मानिन्छ । नेपालमा पाईने ६७ प्रकारका सुनाखरी मध्य यहाँ १७ प्रकारका सुनाखरी पाईनछन् ।

भञ्ज्याङ देखि करिव २ घण्टाको उकालो यात्रा अलि कस्टकर र सास बढ्नेखालको भए पनि बाटो बाटोमा फोटोहरु खिच्दै गफ गर्दै, हामी भिउ टावरमा पुगेर रमायौं । त्यस लगतै पञ्चासे धामको मुल र पबित्र स्थलमा पुगेर भक्तिभावका साथ शिव मन्दिरको दर्शन गर्‍यौं । त्यस पछि सिद्धबाबा धाममा पुगेर दर्शन गर्‍यौं, अनि बौद्ध गुम्बाको पनि दर्शन गरेर कास्की जिल्लाको पाटोमा पर्ने पोखरी तिर ओरलो लाग्यौं । त्याहाँबाट करवि ३ घण्टाको आह्रालो हिडाई पछि अर्को महत्वपूर्ण धार्मिक किम्बदन्ति भएको तलाउमा पुग्यौं ।

यस ठाउँको धार्मिक किम्बदन्ति अनुसार - 'यस पोखरीको पानी कहिल्यै पनि सुक्दैन, फोहर तथा धमिलो पनि हुदैन , यदि कुनै रुखको पात यस तलाउमा पर्न गयो भने त्याहाँका चराहरुले उक्त पातहरुलाई टिपेर बाहिर फाल्छन्' भन्ने किम्बदन्ती रहेछ । उक्त तलाउको रमणिय दृष्यावलोकन पछि फेरी करवि ३ घण्टको बाटो तय गरर्दै हामी भदौरे तमागी तिर प्रस्तान गर्‍यौं । ओहो ! चिप्लो र लेउ लागेका सिडीका ढुङ्गा, स्याउस्याउति जुकाको टोकाई सहदै हामी भदौरे तमागीको भरखर सिक्दै गरेर सञ्चालन गरेको एक होम स्टेमा हतार हतारमा काचै र कचिलै ढीडो र भात खाएर करिव २ बजे पछिको २० मिनेटको ओह्रालो हिडाई पछि भञ्याङ देउरालीमा आई पुग्यौ ।

ठीक यसै बखत हाम्रो बिद्यालयको बस पनि ठ्याक्कै आईपुग्यो र उक्त बसको यात्रामा रमाउदै हामी करिव ५ बजे तिर पोखरा आई पुग्यौ। यो यात्रा हामी सबैका लागि अत्यन्त रमणिय र स्मरणिय भयो । यो यात्रामा नारायण शर्मा, रबि पन्त, हरि कृष्ण पोखरेल, नवराज लम्साल, दामोदर नेपाल, नेपाल प्रकाश अधिकारी, डिल्लीराम शर्मा, इन्द्र प्रसाद शर्मा, श्याम श्रेष्ठ, कृष्ण लामिछाने, बेद प्रकाश शर्मा, कुल प्रसाद अधिकारी, र असिम ढुङ्गाना गरी १३ जना शिक्षकहरु सहभागी थियौं ।

# सडक सञ्जालमा जोडिँदै मुस्ताङ र डोल्पा

पोखरापत्र संवाददाता
म्याग्दी, २१ असोज



गण्डकीको मुस्ताङ र कर्णाली प्रदेशको डोल्पा जोड्ने सडकको ७५ किलोमिटर मार्ग खुलेको छ। दुई प्रदेशको हिमाली जिल्लाका आन्तरिक व्यापार, पर्यटन विकास र स्थानीयवासीको सुविधाका लागि यो सडक महत्त्वपूर्ण मानिएको छ।

सङ्घीय सरकारको मनाङ-मुस्ताङ-डोल्पा-जुम्लासडक आयोजनाअन्तर्गत मुस्ताङको वारागुङ मुक्तिक्षेत्र र डोल्पाको छार्का ताङ्सोङ गाउँपालिका जोड्ने सडकको मार्ग खोल्ने काम अन्तिम चरणमा पुगेको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन नामग्याल गुरुङले बताउनुभयो । "जोमसोमबाट एक्लेभट्टी, पाक्लिङ, फलेक, साङ्तासम्म ४० किलोमिटर र साङताबाट याकखर्क हुँदै डोल्पाको सिमानासम्म थप ३५ किलोमिटर सडकको मार्ग खुलेको छ", उहाँले भन्नुभयो, "गत वर्ष मुस्ताङ हुँदै छार्का ताङ्सोङसम्म केही दिन ट्र्याक्टर चलाइएको थियो । यो सडकमा नियमित र सहज रूपमा यातायात सञ्चालनका लागि २० किलोमिटर सडक स्तरोन्नति र चार ठाउँमा मोटरेबल पुल निर्माण गर्न आवश्यक छ।"

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले डोल्पाको सिमानामा पर्ने सुकसाम्बामा बेलीब्रिज बनाउन चालु आर्थिक वर्षमा रु ८५ लाख विनियोजन गरेको जानकारी दिँदै अध्यक्ष गुरुङले थप तीनवटा बेलीब्रिज अथवा मोटरेबल पुल बनाउन र जोखिमयुक्त ठाउँको सडक स्तरोन्नति गरेर नियमित यातायात सञ्चालनको व्यवस्था मिलाउन सूघीय सरकारलाई प्रस्ताव गरिएको अध्यक्ष गुरुङले बताउनुभयो । सरकारले गण्डकी प्रदेशको मनाङ-मुस्ताङ र कर्णाली प्रदेशको डोल्पा-मुगु जोड्ने रणनीतिक महत्वको सडकअन्तर्गत आर्थिक वर्ष २०७५/७६ देखि मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-४ को पाक्लिङबाट साङ्ता हुँदै डोल्पा जोड्ने सडक निर्माणको कामलाई अघि बढाएको थियो। रु २२ करोडको लगानीमा पाक्लिङबाट ५६ दशमलव पाँच किलोमिटर सडक खुलेको सडक डिभिजन कार्यालय बागलुङले जनाएको छ । डोल्पातर्फबाट मुस्ताङको सिमानासम्म यसअघि नै सडक निर्माण भएको थियो । डोल्पा जोड्ने सडकको प्रवेशबिन्दुमा पर्ने मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको एक्लेभट्टी र पाक्लिङको सिमानास्थित कालीगण्डकी नदीमा दुई वर्षअघि प्रदेश सरकारमार्फत एक सय २० मिटर लामो पक्की पुल निर्माण गरिएको थियो । वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-५ का वडाध्यक्ष सुरेन्द्र गुरुङले याकखर्कसम्म सवारी चल्न थालेपछि उपल्लो डोल्पाका बासिन्दा, व्यापारी र किसानको दुई दिनको यात्राअवधि तीन घण्टामा छोटिएको बताउनुभयो।

"हप्तौं लगाएर मुस्ताङ आउने उत्तरी डोल्पावासी एकै दिनमा आउन थालेका छन्", उहाँले भन्नुभयो, "छार्कताङसोङलगायत उपल्लो डोल्पाका बासिन्दाले दैनिक उपभोग्य सामान, निर्माण सामग्री ढुवानी, भेडाच्याङ्ग्रा र याक चौंरी बिक्रीका लागि बजार लैजान यही सडक प्रयोग गर्छन् ।" डोल्पा र राजधानी काठमाडौँ जोड्ने यो छोटो दूरीको सडक हुने जनाइएको छ।

सडक निर्माण भएपछि साङ्ता, याकखर्क घुम्न पर्यटक आउन थालेका साङ्ताका बासिन्दासमेत रहेका वडासदस्य छिरिङपासाङ गुरुङले बताउनुभयो । सडकमा थुप्रिएको हिउँ र पहिरो पन्छाएर गाउँपालिकाले याकखर्कसम्म नियमित यातायात सञ्चालनको व्यवस्था मिलाएको उहाँले बताउनुभयो।

समुद्री सतहबाट चार हजार मिटरभन्दा बढीको उचाइमा मानव बस्ती नभएको झमटङ डोल्मा हिमालको फेदीमा हुँदै निर्माण भएको सडकमा यात्रा गर्ने क्रममा वन्यजन्तु नाउरको बथान देखिन्छन् ।

# पहिरोमा ज्यान गुमाएकाको परिवारलाई सहयोग उपलब्ध

पोखरापत्र संवाददाता
गोरखा, २१ असोज

झ्याप्ले खोलाको पहिरोमा ज्यान गुमाएका गोरखाका दुई परिवारलाई जिल्ला प्रशसन कार्यालयले आर्थिक सहयोग उपलब्ध गराएको छ।

यही असोज ११ गते राति गोरखाको लापुबेँसीबाट काठमाडौँ जाँदै गरेको ना४ख २२७० नको बस पहिरोमा पुरिँदा मृत्यु भएका दुईजनाको परिवारलाई आइतबार घरमा पुगेर राहत रकम उपलब्ध गराइएको प्रमुख जिल्ला अधिकारी भोला दाहालले जानकारी दिनुभयो । पीडित परिवारलाई प्रतिमृतक रु दुई लाख ५० हजारका दरले राहत सहयोग उपलब्ध गराइएको उहाँले बताउनुभयो । "पहिरोमा ज्यान गुमाएका बसका चालक भीमसेन थापा गाउँपालिका-४ धावाका मदन परियार दमाइँ र गण्डकी गाउँपालिका-४ का नवराज तिवारीको परिवारलाई राहत प्रदान गरिएको छ", प्रजिअ दाहालले भन्नुभयो । उहाँका अनुसार जिल्ला विपद् व्यवस्थापन कोषबाट पीडित परिवारलाई राहत रकम उपलब्ध गराएको हो । कोषमा सङ्घीय सरकारका तर्फबाट प्राप्त रु दुई लाख र गण्डकी प्रदेश सरकारका तर्फबाट प्राप्त रु ५० हजार गरी एकमुष्ट रु दुई लाख ५० हजार पीडित परिवारलाई उपलब्ध गराइएको प्रजिअ दाहालले बताउनुभयो । सोही पहिरोमा परेर ज्यान गुमाएका अन्य पीडित परिवारलाई दसैँलगत्तै घरमै पुगेर राहत रकम उपलब्ध गराउने योजना रहेको उहाँले जानकारी दिनुभयो ।

# बारपाकमा देखिन छाडे परम्परागत ढुङ्गाका घर

रासस
गोरखा, २१ असोज

प्राकृतिक सौर्न्दयता र वीरताको गाथाले मात्र होइन बारपाकको पहिचान यहाँको परम्परा र मौलिकतासँग पनि गाँसिएको थियो । जगदेखि छानोसम्म ढुङ्गा र काठले बनेका एकहजार तीन सय बढी एकै स्वरुपका घरहरु जोडिएर बनेकाले बारपाकको मौलिकता र छुट्टै चिनारी थियो।

पूरै गाउँलाई एकै ठाउँबाट सजिलै दृश्यावलोकन गर्न सकिने बारपाकका प्रत्येक घरको आँगनमा एकै प्रकृतिका ढुङ्गा छापिएका हुन्थे । सबैका आँगनको पर्खाल एउटै स्वारुपका ढुङ्गाले उठाइएका हुन्थे । बारपाकमा घरको गारो उस्तै, घरको छाना कालो ढुङ्गाले छाएका थिए। तस्बिरमा हेर्दा कुनै कलाकारले कोरेको चित्र जस्तै देखिने बारपाक गाउँमा अहिले ढुङ्गाका घर देख्न मुस्किल पर्छ।

विसं २०७२ वैशाख १२ गते बारपाक केन्द्रबिन्दु भएर गएको विनाशकारी भूकम्पले ढुङ्गाका अधिकांश घर एकै झट्कामा भत्काइदियो । घर भूकम्पले भत्काएपछि अधिकांशले परम्परागत शैलीको घर बनाउने कल्पनासम्म गरेनन् । ढुङ्गाले बनेका घर भुकम्प प्रतिरोधी हुँदैन भन्ने धेरैको मनमा पऱ्यो ।

उनीहरुले कङ्क्रिटको प्रयोग गरेर आधुनिक घर बनाए । परम्परागत घर बलियो नहुने लागेकैले कङ्क्रिटको प्रयोग गरी घर बनाएको स्थानीय सुशीला घले बताउनुहुन्छ । "



बारपाकको चिनारी दिने पुरानो शैलीका घर बनाएर बस्न मन नभएको होइन तर फेरि ठूलो भूकम्प आयो भने सुरक्षित नहुने रहेछ जस्तो लाग्यो। पुरानो घरको मौलिकतालाई सम्झिरहेका छौँ, तै पनि हामीसँग कुनै विकल्प भएन'', उहाँ भन्नुहुन्छ। अहिले बनेका घर सुरक्षित भएपनि आधुनिक घरसँगै स्थानीय मौलिकता, सामाजिक, पारिवारिक सम्बन्ध कमजोर बनेको महसुस स्थानीयलाई छ। "भौगोलिक बनावटअनुसार स्थानीयस्तरमा पाइने सामग्रीबाट बनेको घर नै उपयुक्त हुने रहने छ भन्ने लाग्छ । आधुनिक घर चिसो हुँदा स्वास्थ्यमा असर परेको अनुभूति छ,'' घलेले भन्नुभयो । भूकम्पको कहाली लाग्दो क्षति सम्झँदा कतिपयलाई त्यतिबेला अहिलेको जस्तो पक्की घर भइदिएको भए धेरैले ज्यान गुमाउनपर्ने थिएन की भन्ने लाग्छ।

अर्का स्थानीयवासी सुकबहादुर गुरुङ भन्नुहुन्छ, "भूकम्पका बेला अहिले जस्तो पक्की घर भए धेरैको ज्यान बच्ने थियो कि। मौलिकताभन्दा सुरक्षित हुने घर नै राम्रो होला।'' भूकम्पपछि बारपाकमा निजी घर पुनःनिर्माण सकिएको छ । छिटपुट बाहेकले परम्परागत घर बनाएका छैनन् । थोरैले बनाए पनि ढुङ्गाको छानोको सट्टा टिनको छानो राखेका छन् । भूकम्पले बारपाकको मौलिकता र चिनारी खोसेको छ।

पुरानो शैलीका घरमा अगाडि र पछाडि दुवैतर्फ आँगन थिए। भुइँ तल्लाको बीच भागमा अँगेना हुन्थे । अहिले बनेका सिमेन्टका घरमा चुल्हो कहाँ राख्ने भन्ने नै निश्चित छैन । परम्परागत घरलाई पनि भूकम्प प्रतिरोधी बनाउन सकिन्छ भन्ने बुझाउन नसक्दा बारपाकलाई पुरानै शैलीमा पुनःनिर्माण गर्न नसकिएको केही स्थानीयको मत छ । पुनःनिर्माणका क्रममा मौलिकता जोगाउने ठोस योजना नबन्दा समस्या भएको बारपाक सुलिकोट गाउँपालिका-१, का वडाध्यक्ष धनबहादुर घले बताउनुहुन्छ । "बाउबाजेले स्थापना गरेको पुरानो डिजाइनको घरहरु जोगाउन सकेनौँ। भूकम्पपछि परिवर्तनसँगै चल्नुपर्छ भन्ने धेरैको कुरा भयो । कतिपयले पुराना चिनारी जोगाउनुपर्छ नभनेका होइनन् तर पुनःनिर्माण गर्दा मौलिक चिनारी बचाउन सकिएन'', उहाँले भन्नुभयो । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) सँगको समन्वयमा बारपाकलाई पुरानै शैलीमा फर्काउन प्रयास गरिएपनि सफल हुन सकेन । वडाध्यक्ष घले भन्नुहुन्छ, "बारपाकमा पुराना डिजाइनका घर कहीँ छैन् । अब बारपाक परम्परागत बारपाक रहेन। अब सार्वजनिक ठाउँमा संरचना निर्माण गर्दा पुरानै मोडलमा निर्माण गर्ने योजना छ।'' बारपाक सुलिकोट गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भट्टले ढुङ्गाको पुराना घर नबने पनि बारपाकको सुन्दरता नहराएको बताउनुभयो। "बारपाकले नयाँ स्वरुप र सुन्दरता पाएको छ, पुराना शैलीका घर नबने पनि पुनः निर्माणले यहाँको सौर्न्दयता बढाएको छ । थुप्रै पर्यटकीय आर्कषणले साँच्चै बारपाक सिँगारिएको छ'', उहाँले भन्नुभयो। बारपाक लाहुरेहरुको गाउँ हो । दोस्रो विश्वयुद्धमा भिक्टोरिया क्रसको उपाधि प्राप्त गर्नुभएका गजे घलेको गाउँ भएकाले बारपाकको इतिहास गर्विलो छ।

बुद्ध हिमालको काखमा समुद्री सतहदेखि तीन हजार तीन सय मिटरको उचाइमा अवस्थित बारपाकको कला, संस्कृति, परम्परागत रीतिरिवाज, वीरता र प्राकृतिक सौर्न्दयता विश्वसामु चिनाउन पहल गर्नुपर्नेमा स्थानीयको जोड छ।


गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
मातृशिशु मितेरी अस्पताल
पोखरा, कास्की

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकासन मिति २०८१/०६/२२ गते)

यस अस्पतालबाट मिति २०८१/०४/२० गते प्रकाशित सूचना अनुसार अस्पताललाई आवश्यक औषधी खरिदको लागि भएको बोलपत्र आवहानको सूचना मिति २०८१/०५/१८ गते खोलि मूल्याङ्कन गर्दा न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमका बोलपत्रदाताहरुले पेश गरेको इकाई दर स्विकृतिको लागि छनौट भएको हुदाँ सार्वजानिक खरिद ऐन २०६३ को दफा २७(२) र ३ को प्रयोजनार्थ सवै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र. सं | बोलपत्र नं | ठेक्काको नाम | छनौट भएको बोलपत्रदाता | इकाई दर स्विकृतिको लागि छनौट भएको औषधी संख्या | कवोल गरेको कुल रकम मु.अ.कर वाहेक रु. |
|---|---|---|---|---|---|
| १ | MMH/NCB/G/01/2081-82) | Procurement of Medicines | DHURBA TARA MEDILINK PVT.LTD | २४६ | १२०९७१४।३० |
| २ | MMH/NCB/G/01/2081-82) | Procurement of Medicines | SUN PHARMACY | १६७ | १४७८६८३।६० |

मेडिकल सुपरिटेन्डेन्ट